वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, स्याङजा जिल्ला ।

नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी प्रकाशति सूचना

पून प्रकाशित मिति २०७९।०८।२८ गते)

१) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क र यस वालिङ नगरपालिकको आन्तरिक आय संकलन तथा आय ठेक्का बन्दोबस्ती सम्बन्धी कार्यविधि २०७७ को व्यवस्था बमोजिम चौथो पटक प्रकाशित सूचना बमोजिम सूचनाको म्याद भित्र कुनै पनि बोलपत्र दर्ता हुन नआएकोले राजश्व परार्मश समितिको मिति २०७९।०८।२० गतेको राजश्व परामर्श समितिको निर्णयानुसार तपसिलमा उल्लेखीत नदी/खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी वालिङ नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले आर्थिक वर्ष २०७९/२०८० को लागी नवीकरण भएको प्रमाणपत्र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र वा चालु आ व को कर चुक्ताको म्याद थप पत्रको प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धि सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं | सूचना नं./ बोलपत्र नं | बोलपत्रको नाम | उत्खनन परिमाण ( घन मिटर) | न्युनतम बोलपत्र रकम मु क. कर बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | ठेक्का न. ३/२०७९/२०८० | भिरकोट नगरपालिकाको सीमाना ओढारे देखी सुकौदी पुलको मापदण्ड सम्म वालिङ नगरपालिकाको वडा न १/६/ ९ र ११ । | २०४१५ | ४०,००,०००।० | १,१०,०००।० | ३०००.० |

शर्तहरु

२) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयको राजश्व खातामा नगदै तिरेको वा यस कार्यालयको नेपाल बैक ली. वालिङ शाखामा रहेको यसक कार्यालयको खाता नं. ०८३०३००००१००१००००१ म नगदै जम्मा गरेको नगद वा बैक भौचर साथ निवेदन पेश गरी यो सूचना पाँचौ पटक प्रकाशन भएको मितिले ३ दिनको कार्यालय समय भित्र बैक जम्मा गरेको बैक भौचर वा यस कार्यालयको राजश्व शाखामा राजश्व रकम तिरी बोलपत्र खरिद र यस कार्यालयमा दर्ता गर्न सकिनेछ । आफूले बोलकबोल गरेको अक्कको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैक लि. वालिङ शाखामा रहेको धरौटी खाता नं. ०८३०३००००३०००००००१ म जम्मा गरी सोको सक्कल बैक भौचर वा ईजाजत प्राप्त बैकबाट यस कार्यालयको नाम बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड बण्ड पेश गर्नुपर्नेछ ।

३) एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन् र रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन् । उक्त दिन विदा परेका सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४) प्रि विड बैठक यो सूचना प्रकाशित मितिले ३ दिन दिनको २ बजे वालिङ नगरपालिकाको कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्ने हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५) बोलपत्र सम्बन्धी बिस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुदां सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन् बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

६) बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलेमा सूचना टांस भएको मितिले ७ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अक्कको प्रथम किस्ता वापत रु.५० प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको बैक भौचर वा नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त वित्तीय संस्थाबाट यस कार्यालयको नाममा २०७९ साल जेष्ठ १५ गते सम्म म्याद सहित जारी गरिएको बैक ग्यारेन्टी -परफरमेन्ट बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक सो वा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सकारारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७) तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस वालिङ नगरपालिका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सर्न्दभमा स्थानीय सरकार संचालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून तथा तथा ढुङगा गिटी, बालुवा उत्खनन बिकि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

८) बोलपत्र फाराम खरिद/दर्ता गर्ने समयः

| | | |
|---|---|---|
| बोलपत्र फार्म खरिद गर्ने अन्तिम मिति र समयः २०७९।०९।०१ गते कार्यालय समय सम्म । | बोलपत्र दर्ता गर्ने अन्तिम मितिः २०७९।०९।०२ गते, समयः १२.०० बजे भित्र | बोलपत्र खोल्ने मिति २०७९।०९।०२ गते समय २.०० बजे |

२०७९।८।२८

प्रमुख प्रशासकीय अधिकृत

CamScanner